स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



यही बैशाख २८ गतेबाट प्रदर्शनमा आउन लागेको अभिनेत्री नीति शाहको डेब्यू फिल्म 'खबुरे ब्रो'को नयाँ गीत सार्वजनिक गरिएको छ । 'मनि मनि' बोलको गीतमा कुशल पोखरेलको स्वर तथा शब्द एवं केपासको संगीत छ । गीतले पैसाको बयान गर्छ । आराम गर्नदेखि मान्छे जलाउनसम्म पैसा चाहिने गीतमा उल्लेख छ । भिडियोमा नीति सहितका कलाकारहरु पैसा उडाउँदै प्रस्तुत छिन् । कुनै बेला धरानमा चर्चित मानिएका खजुरे ब्रो पात्रबाट प्रभावित भएर फिल्म बनेको हो । तर, यो बायोपिक होइन ।

**आजको विचार...**



पूर्ण ओली

युवा...
*(दुई पेजमा)*



अभिनेत्री मिरुना मगरले फिल्म 'मनसरा'ले मिश्रित समाजको कथा बोल्ने बताएकी छन् । चलचित्र पत्रकार संघ नेपाल कास्कीले पोखरामा आयोजना गरेको एक पत्रकार भेटघाट कार्यक्रममा उनले फिल्म सबैको रुचि ध्यानमा राखेर निर्माण भएको धारणा राखिन् । 'मनसरा' समाजको रियल कथामा आधारित पनि रहेको छ । 'जारी'मा दर्शकबाट पाएको माया स्वरूप 'मनसरा'को आफ्नो भूमिकालाई पनि दर्शकले रुचाउनेमा आशावादी छु', उनले भनिन् 'मनसरा'को भूमिकालाई आफूले सक्दो न्याय गरेको छु ।' आगामी २१ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म उपेन्द्र सुब्बा निर्देशन गरेका हुन् ।

❐ वर्ष २९ ❐ अंक २६२ ❐ २०८१ वैशाख १० गते सोमबार 22 April 2024, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# लुम्बिनी प्रदेश सरकारबाट बाहिरियो जसपा

## कृषि मन्त्रीले दिए राजीनामा

**हाम्रा संवाददाता**


**पाल्पा,** वैशाख ९/लुम्बिनी प्रदेश सरकारबाट जनता समाजवादी पार्टी (जसपा) बाहिरिएको छ । मुख्यमन्त्री जोखबहादुर महराले सहमति पालना नगरेको भन्दै १५ दिनमै जसपा सरकारबाट बाहिरिएको हो ।

नेकपा माओवादी केन्द्र नेतृत्वको सरकारमा जसपाका भण्डारीलाल अहिर कृषि तथा भूमि व्यवस्था मन्त्री थिए । गत चैत २५ गते माओवादी संसदीय दलका नेता जोखबहादुर महरा नेतृत्वको सरकारमा अहिर सहभागी भएका थिए । तर, जसपाको प्रदेश समिति बैठकको निर्णयसँगै उनको मन्त्री पद गुमेको छ । मन्त्री भण्डारीले पार्टीले सरकारबाट फिर्ता हुन निर्देशन दिएपछि राजीनामा दिएका हुन् । जसपाले दुई मन्त्रालय माग गरेकोमा एउटा मात्रै मन्त्रालय दिइएपछि सरकारबाट बाहिरिने निर्णय गरेको स्रोतले जनाएको छ । सोही निर्णयका आधारमा मन्त्री अहिरले









शनिबार नै राजीनामा बुझाए पनि आइतबार मात्र सार्वजनिक भएको हो । उनले मुख्यमन्त्री महराले गत चैत २२ गते आफ्नो पार्टीसँग गरेको लिखित सम्झौता कार्यान्वयन नगरेको भन्दै नेपालको संविधानको धारा १६९ को उपधारा (२) वमोजिम राजीनामा दिएको उल्लेख गरेका छन् । अहिरले वैशाख ६ गते कृषि तथा भूमि व्यवस्था मन्त्रीको जिम्मेवारी पाएका थिए । सरकार गठनका क्रममा सरकारलाई समर्थन गरेका दलबीच भएको सम्झौताअनुसार जसपालाई सहरी विकास तथा पर्यटन र कृषि तथा भूमि व्यवस्था मन्त्रालय दिने लिखित सम्झौता भएको थियो । प्रदेशसभामा तीन जना सदस्य भएको जसपाले सरकारलाई दिएको समर्थन भने कायमै राखेको जनाएको छ ।

संघीय सरकारमा जसपा अध्यक्ष उपेन्द्र यादव उपप्रधानमन्त्री तथा स्वास्थ्य मन्त्री भएकाले पनि जसपाले समर्थन कायम राखेको हो । यद्यपी जसपाले अहिलेका लागि सरकारबाट मात्र बाहिरिएको तर सहमति पालना नगरे सरकारलाई दिएको समर्थन समेत फिर्ता लिने चेतवानी दिएको छ । मुख्यमन्त्री महराले लुम्बिनी प्रदेशका ५ दलका ४७ र एक स्वतन्त्रसहित ४८ जनाको समर्थनमा मुख्यमन्त्रीका लागि दावी पेश गरेका थिए । महरा एमालेका २७, माओवादीका १०, नागरिक उन्मुक्तिका ४, जसपाका ३, नेकपा एकिकृत समाजवादीका १ र एक जना स्वतन्त्र प्रदेश सभा सदस्यको समर्थनमा चैत २३ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए । उनले सरकार जोगाउन मन्त्रालयको संख्या बढाएर ११ पुऱ्याएका छन् । यस अघि १० मन्त्रालय मात्र थिए । मुख्यमन्त्रीमा समर्थन जुटाउँदा महरासहित लुम्बिनीका नेताले गरेको ७ बुँदे लिखित सहमति कार्यान्वयन नगरे मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएर बाहिरिने चेतावनीपछि महरा मन्त्रालय बढाउन बाध्य भएका थिए । जसपाले दुई मन्त्रालय माग गर्दै आए पनि अहिलेसम्म नपाएपछि सरकारबाटै बाहिरिन पुगेको हो ।

## संक्षिप्त समाचार

### दललाई आयोगले माग्यो स्पष्टीकरण



**पाल्पा,** वैशाख ९/निर्वाचन आयोगले विभिन्न राजनीतिक दललाई स्पष्टीकरण सोधेको छ । आयोगले लेखापरीक्षण प्रतिवेदन समयमा नबुझाउने र सार्वजनिक नगर्ने दलहरुलाई स्पष्टीकरण सोधेको हो । उसले प्रतिवेदन नबुझाउने दललाई कारणसहित सातदिनभित्र जवाफ दिन भनेको छ । साथै प्रतिवेदन बुझाएर सार्वजनिक नगर्ने दललाई सातदिनभित्र सार्वजनिक गरी जानकारी दिने निर्देश समेत गरेको छ । आयोगमा दर्ता कायम रहेका एक सय १८ दलमध्ये आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण प्रतिवेदन तोकिएको समयवाधिभित्र पेश गर्ने ८२ राजनीतिक दलमध्ये प्रतिवेदन सार्वजनिक नगर्ने २१ दललाई सात दिनभित्र सार्वजनिक गरी जानकारी दिन निर्देशन गरिएको हो ।

## लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

*लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं ।*


नेपाल सरकार

**विज्ञापन बोर्ड**

# गुल्मीमा डढेलो : करोडौं क्षति, ६७ भन्दा बढी घरगोठ जले

**गुल्मी,** वैशाख ९/गुल्मीमा तीन दिनदेखि लागेको डढेलोले करोडौँको क्षति भएको छ । सामुदायिक वन र निजी वनबाट सल्केको डढेलोले ६७ भन्दा बढी घर गोठ जलेका छन् । दर्जनौँ पशुचौपाया आगोले गोठमै जलेर मरेका छन् । शनिबार चलेको हावाहुरीका कारण डढेलो निभाउन नसक्दा आगो बस्तीमा प्रवेश गरी घर जलेका थिए ।

बस्तीमा आगो प्रवेश गरेपछि इस्माका सर्वसाधारणले बारीका पाटामा बसेर ज्यान जोगाएका थिए । स्थानीयवासीलाई आगो निभाउने भन्दा कसरी ज्यान जोगाउने भन्ने त्रासदीपूर्ण अवस्था सिर्जना भएको थियो । इस्मा गाउँपालिकामा आगलागीबाट शनिबार मात्र ६७ वटा घरगोठ जलेर नष्ट भएका छन् । इस्मा गाउँपालिका-२ सिदुङखाको रानीवनमा लागेको डढेलो अचानक बस्तीमा पसेपछि हस्तीचौरको सिदुङखामा १३ घर र २६ बङ्गला जलेर नष्ट भएका छन् । त्यसैगरी इस्मा गाउँपालिका-४ को तिम्लेखर्कमा सात घर र १६ वटा बङ्गला र गोठसहित एउटा मन्दिर जलेको छ । सोही



वडाको भड्किनामा एक घर र चारवटा बङ्गाला र एउटा खोर जलेको इस्मा गाउँपालिकाका अध्यक्ष भगतसिं खड्काले जानकारी दिए । आगलागीका कारण ४० भन्दा बढी चौपाया जलेर मरेका छन् । इस्मा गाउँपालिका-१ मा लागेको डढेलोका कारण ट्र्याक्टर चालक स्थानीयवासी १९ वर्षीय हिमाल राना र मुसिकोट नगरपालिका-७ पल्टारका २१ वर्षीय प्रेम राना घाइते भएका छन् । उनीहरुको हात खुट्टा र अनुहार जलेको प्रहरीले जनाएको छ । घाइतेको लुम्बिनी मेडिकल कलेज पाल्पामा उपचार भइरहेको छ । उनीहरु खतरामुक्त रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक शंकरप्रसाद पोखेलले बताए । अगलागीले विस्थापित परिवार छिमेकीको घरमा आश्रय लिएर बसिरहेका छन् । इस्मा गाउँपालिका र नेपाल रेडक्रसको सहयोगमा पीडित परिवारलाई तत्कालका लागि अत्यावश्यक खाद्यान्न, लत्ताकपडा, किट, लाइट, पानी, चाउचाउ तथा भाँडाकुँडा लगायतका सामग्री वितरण गरिएको गाउँपालिका अध्यक्ष खड्काले बताए । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## पृथ्वी दिवस र हाम्रो दायित्व

आज अप्रिल २२ तारिख विश्व पृथ्वी दिवस संसारभर मनाइँदै छ । सन् १९७० मा पहिलो पटक पृथ्वी दिवस मनाइएको थियो । सन् १९९० देखि यो दिवसलाई वार्षिक रुपमा मनाइदै आइएको छ । नेपालसहित विश्वका १ सय ९२ वटा मुलुकले यो दिवस मनाउन थालेका छन् । पृथ्वी दिवसको मुख्य उद्देश्य वातावरण संरक्षण गर्नेमा केन्द्रित छ । यो दिवस मनाउनुको अर्को उद्देश्य मानिसहरुलाई वातावरण संरक्षणमा लगाउनु पनि हो । करिव ६ अर्ब मानिससँगै रहेका करौडौं प्रजातिका वनस्पति, लाखौं उभयचर, चराचुरुङ्गी, घस्रने जनावर, एक कोषीयदेखि बहुकोषी जीवहरुको साझा बासस्थान हो, पृथ्वी । ब्रम्हाण्डमा जीवन्तु अरु कहि छ त पृथ्वीमा छ । त्यसैले यो आफैँमा महत्व छ । तर पृथ्वीमाथि मानिसको अव्यवस्थित दोहनले यो चपेटामा परेको छ । औद्योगिक विकासको अस्वस्थ होडबाजीले जल, जंगल, जमिन र जीवजन्तुलाई नकारात्मक असर पर्दै गएको छ । अहिले जमिन मरुभूमीकरण बन्दै गएको, समुद्रको सतह बढ्दै गएको, हिमालको हिउँ पग्लिरहेको, आगलागी, वन विनाश जस्ता घटनाले पृथ्वी संकटमा छ । मानव क्रियाकलापकै कारण यो संकटतर्फ धकेलिँदै छ ।

पछिल्लो समय पृथ्वीको १.१ डिग्री तापक्रम वृद्धिले 'हिटवेभ', खडेरी, बाढी, हुरी, आँधीका समस्या देखा परिरहेका छन् । पृथ्वीको बढ्दो तापक्रमले वातावरण बिगार्न निकै भूमिका खेलेको छ । अहिले संसारभरि नै डढेलो चुनौतीपूर्ण बन्दै गइरहेको छ । पृथ्वीको विनाश हुनु भनेको मानव लगायत सम्पूर्ण प्राणी जगतको विनाश हुनु हो । जथाभावी रुख विरुवा काटिनाले नदीनालाको छेउ किनारबाट बालुवा, ढुंगा, गिट्टी उत्खनन् गरिनाले, जथाभावी गाउँ–गाउँमा मोटरबाटो र डोजर आतंक गरिनाले अव्यवस्थित रुपमा बस्ती बस्नाले, अधिकमात्रामा थोत्रा सवारीसाधनको प्रयोग, अस्वस्थ्य औद्योगिकिकरण आदिले गर्दा पृथ्वी विनास हुँदै गएको छ । यसप्रति सबैले चिन्तन गर्नु आवश्यक छ । पृथ्वी बचाउन जलवायु परिवर्तनको असर कम गर्न मानिसले व्यवहार परिवर्तन गर्न आवश्यक देखिन्छ । यसको सुरुवातका लागि जंगल क्षेत्र बढाउने र दिगो विकासका लागि वैकल्पिक उपायको खोजी गरिनुपर्छ । हरेक वर्ष पृथ्वी दिवस मनाइन्छ । तर, दिवस एकदिने दिवसका रुपमै सिमित रहनाले र मानिसहरुले गहिरिएर नसोचिदिनाले, दिनप्रतिदिन पृथ्वीको दोहन भइरहेको छ । पृथ्वीको संरक्षण गर्ने मानिसको दायित्व हो । यो दायित्वबाट मानिस उम्कन मिल्दैन । यसर्थ हाम्रो उन्नति, प्रगति र सन्ततिको उज्ज्वल भविष्यका लागि पृथ्वीको बचाउ गर्नु र यसको वातावरण संरक्षण गर्नु हामी मानव जातिको कर्तव्य र दायित्व हो ।

### Opinion @ Social Network

गल्ती नै गर्नु पर्छ भन्ने छैन, जब मन भरिन्छ नि,
मान्छेहरु त्यसै टाढिन सुरु गर्छन् ।
(शोभा थापाको फेसबुकबाट https://www.facebook.com//shova.thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# युवा र कृषकलाई बेवास्ता गर्दै नेताहरु सत्ताको रस्साकस्सीमा



**पूर्ण ओली**

*जलाशय युक्त जलबिद्युत आयोजनालाई प्राथमिकतामा राखेर सरकारले योजनाहरु शिघ्र ल्याउनु पर्छ । ठूला भ्रष्टहरुलाई धमाधम कारबाही अघि बढाउन अत्यन्त आबश्यक छ । अत्यन्त महत्वपूर्ण बिषय सरकारले हिम्मत गरेर भएपनि खुला सिमाना नियन्त्रण गर्न बलियोसँग तारको बार लगाउन भारतलाई प्रस्ताव गरियोस् । अन्यथा हाम्रोतर्फ भएपनि काँटेदार तार लगाउन थालियोस् । यसबाट अरबौं राजस्व चुहावट रोकिनेछ । भारतले पाकिस्तान बंगलादेशसँग सिमानामा मजबुत बार लगाइसकेको छ । बर्मासँग पनि बलियोसँग सिमानामा बार लगाउँदैछ । उसले नेपालसँग किन खुला सिमाना राख्न चाहन्छ ? यसलाई बुझ्न सचेत नागरिक अघि बढ्नु पर्छ । प्रतक्ष्य हेर्दा यसबाट न उसलाई फाइदा छ न हामीलाई । तर भारतको नियतमा खोट हुनसक्छ । किनकि भारत नेपाललाई भुटान जस्तो बनाउन प्रयास गरिरहन्छ । खुला सिमाना दुबै देशको सुरक्षामा खतरा छ । नक्कली नोठको कारोबार, हतियार र बिष्फोटक पदार्थ तथा चोरी पैठारी हुने तथा अत्यधिक सामान यसै खुला सिमानाबाट आउने गर्दछ । त्यसैले यस बिषयमा राष्ट्रबादी दल भनिएका दलहरुले गम्बिर भएर आवाज उठाउनु ढिला भइसकेको छ । त्यसैले सत्तामा अन्धो भएर लागेका प्रचण्ड, केपी ओली, शेरबहादुर तथा माधव नेपालहरु बेलैमा आँखा खोल्नुहोस् ।*

नेपाली जनता अझैपनि कृषि उत्पादनमा सरकारले जोड दिएर यसलाई बजारीकरण गर्न मद्दत गरेमा जनताको जीवनस्तर उठ्ने थियो भन्ने चाहनामा छन् । देश खाद्यमा आत्मनिर्भर हुनसके देशको ब्यापार घाटा धेरै कम हुन सक्ने थियो । विद्यार्थी गुणस्तरीय शिक्षा नेपालमै भए स्वदेशमा बसी घरको खाना खाएर आफ्नै देशमा अध्ययन गर्ने चाहना गर्छन् । शिक्षित र अर्ध शिक्षित बेरोजगार युवाहरु देशमै केही ब्यबसाय गरेर परिवार पाल्न पाए स्वदेशमै बस्ने प्रवल इच्छा ब्यक्त गरिरहन्छन् । उता माधव नेपाल फेरि पनि भर्खरै बनेको गठजोड बदल्न शेरबहादुर देउवासँग साँठगाँठ गर्दैछन् । देशलाई अरुको इशारामा अस्थिर बनाएर बिदेशीको क्रिडास्थल बनाउन तम्सी रहेका छन् । अरुण-३ भाँडेका माधब नेपालले राष्ट्रघाती महाकाली सन्धी पास गराउन पार्टी फोड्न पनि तयार भए । नेकपाको पूर्ण बहुमतको सरकार फुटाउन प्रचण्डको गोटी बनेर शेरबहादुरलाई प्रधानमन्त्री बनाउन आफ्नो भइरहेको बहुमतको सरकारसहितको एमाले फुटाए । यदि मदन भण्डारी बाँचिरहेको भए माकुनेको रजगज यसरी बढ्ने थिएन । उनलाई लगाम लगाउने ब्यक्ति मदन भण्डारी मारिएपछि उनी लगातार १७ वर्ष एमालेको महासचिब हुनु रहस्यमय छ ।

अहिले लगातार सत्तामा बस्न र सांसद नहुँदा पनि बिदेशीको निगाहमा प्रधानमन्त्री हुनसक्ने माधव नेपाल कतै मदन भण्डारीको हत्यामा उमेश गिरीले अन्तर्वार्तामा भनेजस्तै गिरिजाप्रसाद कोइरालाको साथमा संलग्नता भएका थिएनन् भन्ने शंका उठाइन थालेको छ । हुन त गिरिजा र माधव नेपालले मात्र यो डरलाग्दो काण्डमा संभव नभए पनि अबस्य पनि "र" र सिआइएको संलग्नता पनि हुनसक्छ । त्यही भएर यसको छानविनलाई कुनैपनि आयोगले निर्क्योलमा पुऱ्याउन नसक्नु मदन भण्डारीको मृत्यु अझैपनि रहस्यमय देखिन्छ । जसरी एमसीसी पास गराउन काँग्रेस कम्युनिष्ट एक भए यसबाट पनि साम्राज्यबादी अमेरिका भनिए पनि उसैको दास बनिसकेका कम्युनिष्टहरु आज जनतालाई पीडा माथि पीडा दिन सबै एक भएका देखिन्छन् । युवाहरुको नयाँ दल स्वतन्त्र दलका नेता रवि लामिछानेको छवि आज गिर्दो अबस्थामा छ । सत्तामा पुगेपछि लोकप्रियता कमाउन भाषणमा मात्र बोलेर हुँदैन जनहितमा ठोस कार्य गर्नुपर्छ । अहिले कमसेकम शिक्षक, कर्मचारीलाई राजनीतिमा लाग्न पूरा तवरले बन्द गरिनु पर्छ । अर्थात् शिक्षक र कर्मचारीका ट्रेड युनियन अनिबार्यरुपमा बन्द गराइनु पर्छ । बिद्यार्थीलाई राजनीति गरेर शिक्षण संस्थामा पस्न नपाइने कढा नीति लिन यो सरकारलाई दवाव दिन रवि लामिछाने किन सक्दैनन् ? अझैपनि यहि संबिधानको ब्यबस्थाबाट देश बिकास गर्न सकिन्छ भन्ने अपत्यारिलो सिद्धान्त किन स्वतन्त्र दलले लिँदैछ ? प्रदेश सरकार जस्तो निकम्मा सेता हात्ती राख्न किन स्वतन्त्र दल तयार भएको छ ? दुर्गा प्रसाईंले भने जस्तो लघु बित्त पीडित गरिब किसानको २० लाख सम्मको ऋण मिनाह गरेर गरिब नेपालीको उद्धार गर्न किन लोकप्रिय दलका नेता अघि बढ्दैनन् ? अझैपनि खाडी मुलुकहरुमा मारिएका हाम्रा होनहार युवाहरुको लास पाउँदा उनीहरुको परिवार खुसी हुनु पर्ने अबस्था किन आइरहेको छ ? यसतर्फ सम्बन्धित निकायहरुले कहिल्यै सोचबिचार गरेनन् । ठूला मारवाडी लगायतका ब्यापारीले नतिरेको अरबौंको बिजुलीको बिल तिराउन किन पहल लिँदैनन् गृहमन्त्रीले ? कि स्वतन्त्र दल पनि उनै तस्कर ब्यापारीको चन्दाबाट चलाइएको हो ?

युवाहरुको साथ पाएर छोटो समयमा नेतृत्वमा पुगेको रबि लामिछानेको दलले बिदेशीएका युवालाई स्वदेशमा रोजगार दिने गरि फर्काउने कार्यक्रम प्रस्तुत गर्नु पथ्र्यो । तर जनताको आसमा सबै दलहरुले निरास पारेपछि अहिले दुर्गा प्रसाईंको भनाइ जनताको मन छुने भएको छ । त्यही भएर दुर्गा प्रसाईंको भाषण सुन्न गरिब पीडित जनताहरु उन्को शरणमा आइरहेका छन् । त्यही भएर जनतको आवाज बेवास्ता गर्दै सत्तासिनहरु अझैपनि गठजोड बदल्न र सत्ताको तर मार्नमा मात्र ब्यस्त भइरहने हो भने दुर्गा प्रसाईंको एक इसारामा जनताको भेलले यी भ्रष्ट नेताहरुलाई बगाउन सक्छ । त्यसैले जनताको आक्रोशलाई मत्थर पार्न पनि कृषकको तरकारी फलफूल सजिलै बजारमा पुऱ्याउने ब्यबस्था गर्ने बिदेशी तरकारी र फलफूलको आयतलाई पुरातवरमा बन्द गरिनु पर्छ । निकट भविष्यमा हुने लगानी सम्मेलनमा कृषि सम्बन्धि ठूला आयोजनाहरु प्रस्ताव गर्न आबश्यक छ । यसका लागि कृषि मल कारखाना, सबै स्थानीय निकायमा कमसेकम एउटा कोल्ड स्टोरज निर्माण गर्ने आयोजना पेस गर्न आबश्यक छ । त्यस्तै गरेर बाँझा खेतबारिमा सिचाइँ पुऱ्याउन सबै नदी खोला तथा मुलहरुबाट बिभिन्न तरिकाबाट सिचाइँका आयोजनाहरु अघि बढाइनु पर्छ । त्यस्तै गरेर दुर्गम जिल्लाहरुमा जान सडक भन्दा रोप वे, केवलकारलाई महत्व दिएर कार्यक्रमहरु अघि बढाइनु पर्छ । यस्ता बिद्युतीय यातायातका साधन सडक भन्दा कम जोखिमयुक्त हुन्छन् । जलाशय युक्त जलबिद्युत आयोजनालाई प्राथमिकतामा राखेर सरकारले योजनाहरु शिघ्र ल्याउनु पर्छ । ठूला भ्रष्टहरुलाई धमाधम कारबाही अघि बढाउन अत्यन्त आबश्यक छ ।

अत्यन्त महत्वपूर्ण बिषय सरकारले हिम्मत गरेर भएपनि खुला सिमाना नियन्त्रण गर्न बलियोसँग तारको बार लगाउन भारतलाई प्रस्ताव गरियोस् । अन्यथा हाम्रोतर्फ भएपनि काँटेदार तार लगाउन थालियोस् । यसबाट अरबौं राजस्व चुहावट रोकिनेछ । भारतले पाकिस्तान बंगलादेशसँग सिमानामा मजबुत बार लगाइसकेको छ । बर्मासँग पनि बलियोसँग सिमानामा बार लगाउँदैछ । उसले नेपालसँग किन खुला सिमाना राख्न चाहन्छ ? यसलाई बुझ्न सचेत नागरिक अघि बढ्नु पर्छ । प्रतक्ष्य हेर्दा यसबाट न उसलाई फाइदा छ न हामीलाई । तर भारतको नियतमा खोट हुनसक्छ । किनकि भारत नेपाललाई भुटान जस्तो बनाउन प्रयास गरिरहन्छ । खुला सिमाना दुबै देशको सुरक्षामा खतरा छ । नक्कली नोठको कारोबार, हतियार र बिष्फोटक पदार्थ तथा चोरी पैठारी हुने तथा अत्यधिक सामान यसै खुला सिमानाबाट आउने गर्दछ । त्यसैले यस बिषयमा राष्ट्रबादी दल भनिएका दलहरुले गम्बिर भएर आवाज उठाउनु ढिला भइसकेको छ । त्यसैले सत्तामा अन्धो भएर लागेका प्रचण्ड, केपी ओली, शेरबहादुर तथा माधव नेपालहरु बेलैमा आँखा खोल्नुहोस् । अब भारतीय निर्बाचन पछि आउने मोदीको सरकारले शायद नेपालमा केही हस्तक्षेप गर्न सक्छ । त्यो बिषय नेपालमा धर्म निरपेक्ष हटाउन पनि हुनसक्छ । या सत्ता परिबर्तन गर्न पनि हुनसक्छ ।

त्यसैले बेलैमा होस् पुऱ्याउनु होस् । भोका ब्वाँसा जस्तो मरेको बाखाको लागि झगडा गरेजस्तो सत्ताको सिनोमा टाँसिने मात्र होइन जनताको आवाज र पीडाको कदर गर्नुहोस् । उप निर्वाचनको एक सिटले कसैलाई फरक पर्दैन । त्यसैले उपनिर्बाचनमा होइन युवाहरुलाई स्वदेशमा रोकेर राख्ने र बिदेशीएका युवाहरुलाई स्वदेशमा फिर्ता ल्याउने ठोस योजना प्रस्तुत गर्नुहोस् । नत्र गाउँ शहर अनि देश खाली हुँदैछ । अनि भविष्यमा बिदेशीले परेड खेल्ने दिन नआवस् । जसरी अहिलेनै अमेरिकी फौजको सानो टुकडीले बुढानिलकण्ठको एउटा स्कुलमा नमुना देखाइ सकेको छ ।

*-डिसी नेपाल डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आकस्मिक धन लाभ हुनेछ । रमाइलो यात्रा रहला । | **तुला** : विपरीत वर्गप्रति आकर्षण बढ्ने छ । कृषि क्षेत्रको काम अघि बढ्नेछ । |
| **वृष** : काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ | **वृश्चिक** : सुन्दर पहिरनले निखारता ल्याउनेछ । रोकिएको धन हात पर्ला । |
| **मिथुन** : पुनर्मिलनको योगपनि रहेको छ । विद्या र बुद्धिको विकास हुनेछ । | **धनु** : प्रेममा नरमाइलोपन आउनेछ । सन्तानपक्षको मायामा कमी आउनेछ । |
| **कर्कट** : प्रगतिको वातावरण बन्ने छ । सामाजिक कार्य अघी बढ्नेछ । | **मकर** : व्यापारमा धनलाभ हुने योग छ। भूमिबाट लाभ नै रहला । |
| **सिंह** : मनमा दुविधा उत्पन्न हुनेछ । चोटपटकको भयछ सचेत रहनुहोला । | **कुम्भ** : सामाजिक कार्यमा उपस्थिती भइएला । प्रयत्नले फाइदा लिनेछ । |
| **कन्या** : नयाँ काम सुरु गर्ने समय छ । आर्थिक कारोवारमा सफलता पाइएला । | **मीन** : सेवामा मन लाग्नेछ । रोकिएको काम दोहोऱ्याएर गर्दा फाइदा हुनेछ । |

# पाल्पाका दर्जन बढी ठाउँमा आगलागी

## आगो निभाउन गएका दुई जना घाइते

**पाल्पा,** बैशाख ९/पाल्पाका दर्जन बढी ठाउँमा आगलागी भएको छ । सुक्खा खडेरी बढेसँगै यहाँका वन र वन नजिकै रहेका वस्तीहरुमा आगलागी भएको हो ।



केही दिनयता जिल्लाका विभिन्न ठाउँहरुमा आगलागी भइरहेको छ । यहाँ आगलागीका कारण दर्जनौं घर, गोठ, पशुचौपाया जलेका छन् भने केही व्यक्तिहरु घाइते समेत भएका छन् । जंगलबाट बस्तीमा आउन लागेको डढेलो निभाउने क्रममा रैनादेवी छहरा गाउँपालिका र माथागढी गाउँपालिकामा दुई जना घाइते भएका छन् ।

शनिबार दिउँसोदेखि स्थानीय जंगलमा लागेको डढेलो निभाउने क्रममा रैनादेवी छहरा-१ सिद्धेश्वरका ५५ वर्षीय टोपबहादुर बुढा गम्भीर घाइते भएका छन् । घाइते बुढाको तानसेनस्थित मिसन अस्पताल उपचार भइरहेको छ । यस्तै माथागढी गाउँपालिका-४ झडेवा जामुनडाँडामा डढेलो निभाउने क्रममा ६५ वर्षीय पूर्णबहादुर कामु मगर पनि घाइते भएका छन् । जिल्लाको सिद्धेश्वरका साउने, मोहरे क्षेत्रका सामुदायिक वनमा डढेलो लागेको छ । डडेलो बस्तीमा पसेपछि भविश्वर पाण्डेय र रामनाथ पाण्डेको घर गोठ जलेर नष्ट भएका छन् । सिद्धेश्वर क्षेत्रमा लागेको डढेलो आइतबार बिहानसम्म नियन्त्रणमा आउने सकेको छैन ।

माथागढी गाउँपालिकाको झडेवा क्षेत्रमा ५ जनाको घर गोठ जलेर पूर्णरूपमा नष्ट भएको छ । घर गोठमा लागेको डढेलो नियन्त्रणमा आएपनि उक्त जंगलमा नियन्त्रणमा आउन सकेको छैन । पाल्पाकै सिलुवामा लागेको डढेलोले दुई घर र गोठ जलेर नष्ट भएका छन् । तानसेनको श्रीनगर, बतासेडाँडा, वनदेवी क्षेत्र, सेतीपोखरी क्षेत्रमा शनिबार र आइतबार दिनभरी नै आगलागी भयो । पाल्पाकै बगनासकालीको चिर्तुङ्गधारा, पोखराथोक, रिब्दीकोटको कुसुमखोला, पालुङमैनादी, रिब्दीकोट जंगल क्षेत्रमा लागेको डढेलो नियन्त्रणमा आउन सकेको छैन ।

तिनाउ गाउँपालिकाको दोभान, झुम्सा, कचलमा पनि आगलागी भएको छ । रैनादेवी छहरा गाउँपालिकाको जुठापौवा, सत्यवती, बल्ढेङगढी क्षेत्रको वनमा डढेलो लागेको छ ।

# आज विश्व पृथ्वी दिवस, विविध कार्यक्रम गरी मनाइँदै

**पाल्पा,** वैशाख ९/आज विश्व पृथ्वी दिवस नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदै छ । अप्रिल २२ का दिन विश्वभर वातावरण र पृथ्वीको संरक्षणका लागि विश्व पृथ्वी दिवस मनाउने गरिन्छ ।

कतिपय देशहरुमा पृथ्वी दिवसलाई अप्रिल १६ देखि २२ सम्म सप्ताहव्यापी कार्यक्रमका रुपमा मनाइन्छ । सन् २००९ मा राष्ट्रसंघको ६३ औं महासभा बैठकले अप्रिल २२ को दिनलाई विश्व पृथ्वी दिवसका रुपमा मनाउने निर्णय गरेको थियो । सन् १९७० को अप्रिल २२ तारिखमा अमेरिका एक्लैले पहिलो पटक यो दिवस मनाएको थियो । पृथ्वीमा बढ्दै गएका विकराल समस्या समाधान गर्न र मानिसलाई प्रेरित गराउन यो दिवस मनाउने गरिएको हो । करिव ६ अर्ब मानिससँगै रहेका करौडौं प्रजातिका वनस्पति, लाखौं उभयचर, चराचुरुङी, घ्रर्सने जनावर, एक कोषीयदेखि बहुकोषी जीवहरुको साझा बासस्थान हो, पृथ्वी । ब्रम्हाण्डमा जीवन्तु अरु कहि छ त पृथ्वीमा छ । त्यसैले यो आफैंमा महत्व छ । तर पृथ्वीमाथि मानिसको अव्यवस्थित दोहनले यो चपेटामा परेको छ । औद्योगिक विकासको अस्वस्थ होडबाजीले जल, जंगल, जमिन र जीवजन्तुलाई नकारात्मक असर पर्दै गएको छ । अहिले जमिन मरुभूमीकरण बन्दै गएको, समुद्रको सतह बढ्दै गएको, हिमालको हिउँ पग्लिरहेको, आगलागी, वन विनाश जस्ता घटनाले पृथ्वी संकटमा छ ।

पृथ्वीको संरक्षणबारे वेलैमा चासो नदिने हो भने भविष्यमा यसले विकराल रूप लिने निश्चित छ । जलवायु परिवर्तनका कारण दिनप्रतिदिन बढिरहेको पृथ्वीको तापक्रमलाई कम गर्दै कसरी विकास गर्न सकिन्छ भन्ने मुख्य उद्देश्य राखेर अबका दिनमा अघि बढ्नुपर्ने विज्ञहरू बताउँछन् । जलवायु परिवर्तनले पारेको असरलाई मध्यनजर गरेर त्यसलाई नियन्त्रण गर्न सके मात्र पृथ्वीको संरक्षण हुन सक्छ । वातावरण संरक्षणमा सबैभन्दा महत्वपूर्ण कुरा भनेको पृथ्वीको शोषण गर्नुभन्दा पनि यसको संरक्षणमा ध्यान केन्द्रित गर्नु हो । सकेसम्म दिगो र पर्यावरणमैत्री जीवन जिउनु हो ।

# गुल्मीमा डढेलो : करोडौं...

...आगलागी क्षेत्रमा, स्थानीय पालिका, जिल्ला प्रशासन, सुरक्षा निकाय, डिभिजन वन कार्यालय लगायतको टोली परिचालन गरिएको छ । इस्माको हुल र कोटकोटेरी दुई स्थानमा डढेलो लागेको छ ।

हुलमा लागेको डढेलो बस्ती पसेपछि टोकली बस्नेतको बङ्गालो, सूर्य र गुञ्जबहादुर बस्नेतको गोठ जलेर नष्ट भएका छन् । एक भैंसी र नौ बाखा मरेका छन् । इस्मा गाउँपालिका-४ कै कोटकोटेरीमा जंगलको डढेलो बस्ती पसेपछि स्थानीयवासी ऋषिराम खनाल, बलबहादुर दर्जी, सरिता अधिकारी, ज्ञानु अधिकारी, बिमला अधिकारी, सुरेन्द्रलाल विक, रामबहादुर अधिकारी, गोरखनाथ विकको घर र खगेश्वर विकको बङ्गाला जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । गाउँमा पाइप जलेपछि खानेपानीको अभाव भएको छ । शुक्रबार र शनिबार गरी इस्मा, रेसुङ्गा, गुल्मीदरबार र रुरु लगायतका क्षेत्रमा डढेलो लागेको थियो । मदाने र मालिकामा पर्ने गुराँसे वनमा दुई दिनदेखि लागेको डढेलो अझै निभेको छैन । *-रासस*

## खेलकुद समाचार

# नेपाललाई २ स्वर्णसहित ५ पदक

**काठमाडौं,** बैशाख ९/भारतको केरलामा भएको प्रथम दक्षिण एसियाली कुराँश च्याम्पियनसिपमा २ स्वर्ण र ३ रजत पदकसहित नेपाल दोस्रो भएको छ । वैशाख ८ गते भएको प्रतियोगितामा दिक्षा मगर र योगेन्द्र विष्टले स्वर्ण पदक जिते । परी घर्तीमगर, अर्जुन क्षेत्री र सिनियर ८७ केजीमाथि दीपिका अछाजुले रजत पदक प्राप्त गरे । दिक्षाले ४४ केजी मुनिको तौल समूह र योगेन्द्रले सिनियर ८१ केजी मुनिको तौल समूहमा पहिलो स्थान हासिल गरेका हुन् । दिक्षा र योगेन्द्र दुवैले फाइनलमा भारतीय खेलाडीलाई हराएको बताइएको छ ।

## कर्पोरेट/अर्थ समाचार

# नेप्सेमा दोहोरो अंकमा सुधार

**पाल्पा,** वैशाख ९/आइतबार सेयर बजार दोहोरो अंकमा सुधार भएको छ । अघिल्लो कारोबार दिनको तुलनामा १२.२९ अंकले बढेसँगै नेप्सेमा सुधार आएको हो ।

नेप्से परिसूचक १२ दशमलव २९ अंकले बढेर १ हजार ९ सय ८४ दशमलव ४३ विन्दुमा अडिएको छ । सेन्सेटिभ इण्डेक्स ०.२८ अंकले वृद्धि भएर ३ सय ५० दशमलव ७५ विन्दुमा कायम भएको छ । यसदिन ३ सय १० स्क्रिप्सको ६३ लाख ९३ हजार २ सय ४५ कित्ता सेयर २ अर्ब २५ करोड ९९ लाख ५९ हजार ४ सय ५६ रुपैयाँ बराबरको कारोबार भयो । सेयर बजार दोहोरो अंकले बढेपनि कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएन । यसदिन दोल्टी पावरको सेयर सर्वाधिक ९.८८ प्रतिशतले बढ्यो । पिपुल्स पावरका लगानीकर्ताले गुमाए । सो कम्पनीको सेयर ७.४६ प्रतिशतले ओरालो लाग्यो । कारोबार रकमका आधारमा गोर्खाज फाइनान्स शीर्षस्थानमा रह्यो । सो कम्पनीको १० करोड मूल्य बराबरको सेयर खरिदबिक्री भयो । सर्वोत्तम सिमेन्टको ७ लाख ८८ हजार,पिपुल्स पावरको ७ करोड १९ लाख,रुरु जलविद्युत परियोजना र पोखरा फाइनान्सको ६/६ करोडको सेयर कारोबार भयो । दुई समूहको उपसूचक बाहेक अन्यको सूचक सकारात्मक देखिएका छन् ।


कालिगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्तिघाट, गुल्मी

## बोलपत्र स्वीकृत गर्ने आशयपत्र सम्बन्धी सूचना

**सूचना प्रकासित मिति: २०८१/०१/१० गते**

प्रस्तुत विषयमा कालिगण्डकी गाउँपालिका गुल्मीद्वारा मिति २०८०/१२/०१ गते विद्युतीय बोलपत्र खरिद प्रणाली मार्फत देहायका कार्य खरिदका लागि बोलपत्र आह्वानको सूचना बमोजिम तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु खोली बोलपत्र मूल्याङ्कन समितिमा पेश भएकोमा बोलपत्र मूल्याङ्कन समितिको निर्णयानुसार तपसिलका बोलपत्रदाताको कूल कबोल अंक न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकोले उक्त बोलपत्र छनौट भई स्वीकृत हुने प्रक्रियामा रहेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का नं. | कामको विवरण | ठेक्का कबोल गर्ने फर्मको नाम र ठेगाना | कूल कबोल अंक(मु.अ.क. सहित) |
|---|---|---|---|
| KRM/W/080-81-07 | Purtighat Jokhum RaniKharka Chalise Kerabari Chaiya Khanigaun Deurali Road Maintenance Work | Jaya Mata Di R.R. construction and Multi suppliers | 1813314.85 |
| KRM/W/080-81-08 | Purtighat Bnanjkhark Damar Sireni Road | Jaya Mata Di R.R. construction and Multi suppliers | 3861037.5 |
| KRM/W/080-81-09 | Rakse Salphed Dwardhunga Bisauna Bhayakot Road | Nir Construction Pvt.Ltd | 2730077 |
| KRM/W/080-81-10 | Dhunwakhola HomeStay Byabasthapan | R.K. Builders and suppliers | 4341427.51 |

*नरेश गिरी*
*प्रमुख प्रशासकीय अधिकृत*



## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१



## सादर निमन्त्रणा

**१५ औं रथयात्रा तथा धार्मिक कार्यक्रम**

हनुमान जयन्तीको अवसरमा आयोजना हुन गईरहेको श्री हनुमानजीको रथ यात्रा एवं धार्मिक कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएकोले उक्त कार्यक्रममा यहाँको गरिमामय उपस्थितिको लागि **हार्दिक निमन्त्रणा** गर्दछौं ।

**कार्यक्रमहरु**

**१.गंगा आरती/महाआरती (पाल्पामा पहिलो पटक)**
**मिति** : २०८१ वैशाख १० गते सोमबार, **समय** : साँझ ५:३० बजे

**२.जाग्राम :**
**मिति** : २०८१ वैशाख १० गते सोमबार, **समय:** साँझ ०७:३० बजे ।

**३. रथारोहण तथा नगर परिक्रमा**
**मिति** : २०८१ वैशाख ११ गते मंगलबार, **समय** : दिउँसो ०२:३० बजे ।
**स्थान** : हनुमान मन्दिर, टक्सारटोल तानसेन

**अनुरोधक**
**श्री हनुमान जयन्ती समारोह, समिति**
**टक्सारटोल, तानसेन, पाल्पा**



## शिक्षक आवश्यकता

**मिति : २०८१/०१/०९**

यस श्री भुसलडाँडा मा.वि. तानसेन-१, भुसलडाँडा, पाल्पामा मिति २०८१/०१/०२ गतेका दिन बसेको विद्यालय व्यवस्थापन समितिको बैठकको निर्णय तथा तानसेन नगरपालिकाको मिति २०८१/०१/०३ गतेको च.नं. २२४६ को सिफारिस पत्र र शिक्षा विकास तथा समन्वय इकाई तानसेन पाल्पाको मिति २०८१/०१/०३ को च.नं. १२५५ विज्ञापनको अनुमती पत्र अनुसार यस विद्यालयमा नि.मा.वि. तह अंग्रेजी विषयको (राहत) पदमा शिक्षक पदपूर्ति गर्नुपरेको हुँदा योग्य नेपाली उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपशिल :**
**विज्ञापन नं. : ०२/०८०/०८१, पद** : शिक्षक, **पद संख्या** : १ जना,
**विषय** : अंग्रेजी, **तह** : नि.मा.वि., **नियुक्तीको किसिम** : राहत
**शैक्षिक योग्यता :** अंग्रेजी मूल विषय लिई आइ.एड.वा सो सरह उत्तीर्ण
**उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**तलब स्केल** : प्रचलित नियम अनुसार, **दरखास्त दस्तुर** : रु. ७००/-
**दरखास्त दिने स्थान** : विद्यालय प्रशासन
**दरखास्त दिने अन्तिम मिति** : २०८१/०१/२४ गते सोमबार विद्यालय समयभित्र ।
**सर्म्पक मिति** : २०८१/०१/२५ गते मंगलबार ।
**परीक्षा मिति** : सम्पर्क मितिमा तोकिनेछ । **परीक्षाको किसिम** : लिखित र अन्तर्वार्ता
**आवश्यक कागजातहरू :** शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाणपत्र, अध्यापन अनुमति प्रमाणपत्र र अनुभवको प्रतिलिपिहरु र हस्तलिखित निवेदन ।
प्राथमिकता : माथिल्लो योग्यता भएका तथा कम्प्युटर सम्बन्धी दक्षता भएका उम्मेदवारलाई विशेष प्राथमिकता दिइने छ ।
(पुनश्च: तोकिएको अवधिभित्र शिक्षक सेवा आयोगको करार सूचीमा सूचिकृत आवेदकले निवेदन दिएमा प्राथमिकता दिइने छ र अन्य आवेदकको निवेदन फिर्ता गरिने छ ।)
अन्य जानकारीका लागि विद्यालय खुलेको समयमा निम्न लिखित फोन नं. मा सम्पर्क गर्न सकिने छ । सम्पर्क नं. : ०७५-५२२७८४, ९८४७०२८५४८, ९८५७०६०९८५, ९८४७०४३३१९, ९८६७५४७२९८

**श्री भुसलडाँडा माध्यमिक विद्यालय**
तानसेन-१, भुसलडाँडा, पाल्पा



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई